# त्रिवेणी गाउँपालिका

# आर्थिक ऐन , २०८२

असार, २०८२

# त्रिवेणी गाउँपालिका आर्थिक ऐन , २०८२

**सभाबाट स्वीकृत मितिः २०८२।०३।०९**

## प्रस्तावनाः

त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (घ) बमोजिम त्रिवेणी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "त्रिवेणी गाउँपालिका आर्थिक ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन २०८२ सालको श्रावण १ गते देखि लागु हुने छ ।

**सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र नियमानुसार घर, घडेरी तथा जग्गामा सम्पत्ति कर लगाइनेछ।

२. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. **वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा प्रदेश कानुन बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (६) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र रयाफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (९) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२.**सेवा शुल्क, दस्तुरः** (१) गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट तपशिल बमोजिम प्रकृतिका आधारमा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) सिफारीस को प्रकृति र अन्य कुरा अनुसुचि (१०) बमोजिम हुनेछ।

१३.**पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (११) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१४.**आयात/निर्यात शुल्कः** (1) गाउँपालिकाले आफ्नो क्षेत्रमा उत्पादन भएका वस्तु तथा कृषि उपजहरू निर्यात गर्दा अनुसुचि (१२) बमोजिमका दरमा शुल्क लगाईनेछ र अशुल उपर गरिनेछ।

(२) निकासी पैठारी शुल्क तथा सोको संकलन बिधि, परिचालन प्रक्रिया र सेवा शुल्क सम्बन्धमा यसमा लेखिए बाहेकका कुराहरु कार्यपालिका बैठकबाट समय समयमा निर्धारण गरीए बमोजिम हुनेछ ।

१५.**सरसफाई तथा फोहोरमैला व्यवस्थापन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सरसफाई तथा फोहोरमैला व्यवस्थापन बाफत अनुसुचि (१३) बमोजिमको दरमा शुल्क लगाईनेछ र अशुल उपर गरिनेछ।

१६.**पशु स्वास्थ्य परामर्श सेवा शुल्कः** यस ऐनमा भएको व्यवस्था अनुसार पशु स्वास्थ्य परामर्श सेवा शुल्क अनुसूचि (१५) बमोजिम हुनेछ।

१७.**पशु बन्ध्याकरण सेवा शुल्कः** यस ऐनमा भएको व्यवस्था अनुसार पशु बन्ध्याकरण सेवा शुल्क अनुसूचि (१६) बमोजिम हुनेछ।

१८.**पशु क्वारेन्टाइन सम्बन्धि शुल्कः** यस ऐनमा भएको व्यवस्था अनुसार पशु क्वारेन्टाइन प्रयोजनार्थ स्वास्थ्य परीक्षण तथा सिफारीस  शुल्क अनुसूचि (१७) बमोजिम हुनेछ।

१९.**दण्ड जरिवानाः** यस ऐनमा भएको व्यवस्था अनुसार दण्ड जरिवाना अनुसूचि (१८) बमोजिम हुनेछ।

२०.**जग्गाको दररेटः** यस ऐनमा भएको व्यवस्था अनुसार जग्गा किनवेच तथा रजिष्ट्रेशन शुल्क अनुसूचि (१९) बमोजिम हुनेछ।

२१.**संरचना दर्ता, नविकरण तथा अभिलेख शुल्कः** यस ऐनमा भएको व्यवस्था अनुसार संरचना दर्ता, नविकरण तथा अभिलेख शुल्क अनुसूचि (२०) बमोजिम हुनेछ।

२२.**अस्पताल तथा ल्यावजन्य सेवाशुल्कः** गाउँपालिका अस्पतालबाट उपलव्ध गराएका सेवाहरुमा निशुल्क वाहेकका सेवा उपलव्ध गराएवापत अनुसूचि (२१) मा उल्लेख भएअनुसार शुल्क हनेछ ।

२३.**कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

२४.**कर संकलन, दाखिला र प्रतिवेदनः** (१) आ-आफ्नो कार्यक्षेत्र तथा बिषयक्षेत्र भित्रको कर संकलन दायित्व सम्बन्धित वडा कार्यालय, विषयगत शाखा, सेवाकेन्द्र, संकलन केन्द्र, शाखा वा अन्य जिम्मेवार निकायको हुनेछ ।

(२) प्रत्यक्ष रुपमा कर संकलन गर्ने वा गराउने, अभिलेख राख्ने र दाखिला गर्ने वा गराउने दायित्व सम्बन्धित शाखा, कार्यालय वा केन्द्र प्रमुखको हुनेछ ।

(३) वडा क्षेत्र भित्रका कार्यालयहरुको राजस्व संकलनको नियमन गर्ने, समयमा नियमानुसार दाखिला गर्न लगाउने, मासिक प्रतिवेदन दिन लगाउने र राजश्व हिनामिनाका सम्बन्धमा छानविन गर्ने र गाउँकार्यपालिका कार्यालयमा प्रतिवेदन दिने दायित्व सम्बन्धित वडा अध्यक्षको हुनेछ भने गाउँकार्यपालिका शाखाहरुको सम्बन्धमा सम्बन्धित शाखा प्रमुखको हुनेछ ।

(४) गाउँकार्यपालिका कार्यालयबाट जारी गरीएको नगदी रसिद बेगर कुनै पनि किसिमको शुल्क वा जरिवाना उठाउन पाइने छैन ।

(५) वितरण गरीएका नगदी रसिदहरु, फिर्ता गरीएका अर्धकट्टि ठेलीहरु र प्राप्त राजस्वको मासिक रुपमा नियमानुसार राजस्व अभिलेख प्रतिवेदन तयार गरी गाउँकार्यपालिका कार्यालय समक्ष प्रतिवेदन गर्ने दायित्व गाउँकार्यपालिका कार्यालय अन्तर्गत राजस्व शाखा र सो शाखाको प्रमुखको हुनेछ।

(६) मलेप बाट निर्धारीत ढाँचामा कुनै फरक नपर्ने गरी वडागत तथा शाखागत रुपमा संकेत गरी छुट्टाछुट्टै वा समान किसिमका नगदी रसिद तयार गरी वितरण गर्न सकिनेछ ।

२५.**कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

२६.यस ऐनमा निर्धारण भए बाहेकका अन्य शुल्क वा दस्तुर लिनु पर्ने भएमा गाउँकार्यपालिकाले निर्धारण गरी तोक्न सक्नेछ ।

## अनुसूचि (१)

## भुमि कर (मालपोत)

| सि.नं. | विवरण | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | कैफियत |
|---|---|---|---|---|
| १. | (क. वर्ग) खौला देखि रातापहर सम्म ख. वर्गको स्थानहरू बजार क्षेत्र बाहेक राप्ती राजमार्गको ५० मिटर भित्रसम्मको दायाँबायाँ क्षेत्र | वार्षिक रू. २/(प्रति वर्ग मिटर) | वार्षिक रू. २/-(प्रति वर्गमिटरको) | घडेरी तथा व्यापारीक प्रयोजन मा प्रयोग भएको जग्गाको लागि मात्रै लागु हुनेछ। |
| २. | (ख वर्ग) राप्ती राजमार्गको झुल्नेटा, खारा, सिम्रुतु बजार क्षेत्रको ५० मिटर भित्र दायाँबायाँको क्षेत्र | वार्षिक रू. ३/-(प्रति वर्गमिटर) | वार्षिक रू. ३/-(प्रति वर्गमिटर) | घडेरी तथा व्यापारीक प्रयोजनमा प्रयोग भएको जग्गाको लागि मात्रै लागु हुनेछ। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | (ग वर्ग) कार्यपालिकाले सूचिकृत गरेका गाउँपालिका भित्रका मुख्य सडकबाट ५० मिटर दायाँबायाँको क्षेत्र | वार्षिक रू. ०.५ प्रति वर्गमिटर)) | | वार्षिक रू. ०.५ प्रति वर्गमिटर) | | घडेरी तथा व्यापारीक प्रयोजनमा प्रयोग भएको जग्गाको लागि मात्रै लागु हुनेछ। |
| ४. | क, ख र ग वर्ग बाहेकको अन्य जग्गाको मालपोत कर | प्रति रोपनी रू. | | प्रति रोपनी रू. | | समयाबधि |
| | | पाखो | खेत | पाखो | खेत | |
| | अब्बल जग्गा (प्रति रोपनीको) | २५ | ३५ | २५ | ३५ | वार्षिक |
| | दोयम जग्गा (प्रति रोपनीको) | २० | २५ | २० | २५ | वार्षिक |
| | सिम जग्गा (प्रति रोपनीको) | १५ | २० | १५ | २० | वार्षिक |
| | चहार जग्गा (प्रति रोपनीको) | १० | १० | १० | १० | वार्षिक |
| बक्यौता वापत प्रत्येक आ.व. को तिर्न बाकी रकम थप २५ प्रतिशतका दरले जरिवाना लाग्ने छ।हरेक वर्ष ५ प्रतिशतले जरिवाना थप हुँदै जानेछ। | | | | | | |
| १ रोपनी = ५०० वर्गमिटर का दरले जग्गाको क्षेत्रफल निकाल्ने। | | | | | | |

**<u>नोटः</u>** अत्यावश्यकीय कार्यका लागि मात्र मालपोत रकमको लागि फिल्ड एकिन गरी उठाउने; अन्यथा जग्गाको वास्तविक लगत संकलन गरे पश्चात एकिकृत रूपमा मालपोत दस्तुर संकलन गरिनेछ।

## अनुसुचिः (२)

## बहालकर

- घरभाडा सम्झौतामा भएको रकमको १० प्रतिशतका दरले मासिक रूपमा तिर्नु पर्नेछ।

| सि.नं. | प्रयोजन | शुल्क |
|---|---|---|
| १ | गाउँपालिकाको खारानेटा र सिम्रुतु सभाहल दैनिक प्रयोग शुल्क | रु १०००। |

नोटः १. गाउँपालिका भित्रको सार्वजनिक तथा ऐलानी जग्गाको उपयोग र प्रयोग सम्बन्धी मापदण्ड तथा कार्यविधि गाउँ कार्यपालिकाले निर्माण गरी लागू गराउन सक्नेछ।

२. राप्ती राजमार्गमा पर्ने सम्पूर्ण सार्वजनिक जग्गा (मुआब्जा लिई सकेका समेत) मा र राप्ती राजमार्ग बाहेकका अन्य क्षेत्रमा रहेका सार्वजनिक जग्गामा सार्वजनिक आवागमन तथा सडक संचालन, सामाजिक सद्भभाव, वन तथा वातावरणीय सन्तुलनमा असर नपुग्ने गरी कसैले व्यापार व्यवसाय गरेको वा गर्न चाहेको पाइएमा सो व्यापार व्यवसाय गर्ने व्यक्ति वा फर्मले गाउँपालिका सँग वहाल सम्झौता गरी निर्धारीत शतप्रतिशत बहाल रकम गाउँपालिकालाई बुझाउनु पर्नेछ। अन्यथा गाउँपालिकाले कानून बमोजिम दण्ड जरिवाना गराई जुनसुकै बेला हटाउन आदेश दिनसक्नेछ र हटाउन लागेको सम्पूर्ण खर्च निज व्यवसायीबाट असुल गरिनेछ।

३. सबै वडा कार्यालयहरूले आफ्नो वडा क्षेत्रभित्र घर/ टहरा भाडामा लगाइएको विवरण संकलन गर्नुपर्ने छ।

अनुसूच (३)

## व्यवसाय कर

| **१. व्यवसाय दर्ता शुल्क/सुचिकरण शुल्क** | | | | | |
|---|---|---|---|---|---|
| **सि.नं.** | **व्यवसाय** | **व्यवसायको प्रकार/प्रकृति** | **दर्ता/सुचिकरण शुल्क** | **नविकरण शुल्क** | **कैफियत** |
| १. | उद्योग | ठुला (२० लाख भन्दा बढी लगानी भएका) | १०,०००/- | व्यवसाय दर्ता/नविकरणको लागि लाग्ने शुल्कको २५ | वार्षिक। गाउँ कार्यपालिकाबाट मात्र दर्ता गरिने। |
| | | मझौला (२० लाख सम्म लगानी भएका) | ५,०००/- | | |
| | | साना (रू. ३ लाख | ४,०००/- | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सम्म लगानी भएका) | | प्रतिशत | |
| | | लघु (रू. १ लाख सम्मका) | ३,०००/- | | |
| | | फर्निचर तथा काष्ठ उद्योग (रू. २० लाखभन्दा माथिका) | ५,०००/- | | |
| | | फर्निचर तथा काष्ठ उद्योग (रू. ५ लाख देखि २० लाख सम्मका) | ३,०००/- | | |
| | | फर्निचर तथा काष्ठ उद्योग (रू. ५ लाख सम्मका) | २,०००/- | | |
| | | क्रसर उद्योग सबै | २०,०००/- | | |
| २. | पसल | हार्डवेयर पसल ठुला (वार्षिक ५० लाख भन्दा बढी कारोवार गर्ने) | १०,०००/- | व्यवसाय दर्ता/नविकरणको लागि लाग्ने शुल्कको २५ प्रतिशत | वार्षिक |
| | | हार्डवेयर पसल फुटकर | ५,०००/- | | |
| | | प्लाइउड सिसा फ्रेम थोक | ५,०००/- | | |
| | | प्लाइउड सिसा फ्रेम फुटकर | २,५००/- | | |
| | | काँचो कपडा थोक पसल | ५,०००/- | | |
| | | काँचो कपडा फुटकर | २,०००/- | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पसल | | | |
| | | फेन्सी थोक | ५,०००/- | | |
| | | फेन्सी सानो | २,०००/- | | |
| | | गरगहना थोक | ५,०००/- | | |
| | | गरगहना सानो | २,०००/- | | |
| | | भाडा पसल थोक | ५,०००/- | | |
| | | भाडा पसल फुटकर | २,०००/- | | |
| | | किराना पसल थोक | ५,०००/- | | |
| | | किराना पसल फुटकर ठुलो सानो | २,०००/- १०००। | | |
| | | तरकारी तथा फलफुल पसल थोक | १,५००/- | | |
| | | तरकारी तथा फलफुल पसल फुटकर र चटपटे पसल घुम्ती एउटै आइटम सानो पसल | ५००/- | | |
| | | गल्ला पसल | ५,०००/- | | |
| | | इलेक्ट्रोनिक/मोवाइल पसल ठुलो | ५,०००/- | | |
| | | इलेक्ट्रोनिक/मोवाइल पसल सानो | २,०००/- | | |
| | | सोलार सहितको इलेक्ट्रोनिक पसल | ५,०००/- | | |
| | | कम्प्युटर टिभी तथा | ५,०००/- | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मोबाइल मर्मत पसल ठुलो सानो क्रमशः | ३,०००/- | | |
| | | साइनबोर्ड फल्याक्स प्रिन्ट | २,०००/- | | |
| | | एग्रोभेट पसल | २,०००/- | | |
| | | पुस्तक तथा स्टेशनरी थोक | ३,५००/- | | |
| | | पुस्तक तथा स्टेशनरी फुटकर | २,०००/- | | |
| | | पन्छिजन्य मासु पसल | १,०००/- | | |
| | | पशुजन्य मासु पसल | २,०००/- | | |
| | | जुत्ता पसल | २,०००/- | | |
| | | ग्यास बिक्रेता | ३,०००/- | | |
| | | दुग्ध व्यवसाय पसल ठुलो सानो क्रमशः | ५,०००/- र २,०००/- | | |
| | | फोटो स्टुडियो | १,०००/- | | |
| | | फर्निचर पसल थोक | १०,०००/- | | |
| | | फर्निचर पसल फुटकर | ३,०००/- | | |
| | | चष्मा, सौन्दर्य, कस्मेटिक तथा श्रृङ्गार पसल ठुलो र सानो क्रमशः | २०००/- र १०००/- | | |
| | | अन्य पसलहरू ठुलो सानो क्रमशः | १०,०००/- र | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ५,०००/- | | |
| ३. | नाई तथा व्युटि पार्लर | नाइ (कपाल काट्ने) पसल | १,०००/- | | |
| | | व्युटिपार्लर | १,०००/- | | |
| ४. | सिलाई कटाई | क) साधारण | १,०००/- | व्यवसाय दर्ता/ नविकरणको लागि लाग्ने शुल्कको २५ प्रतिशत | वार्षिक |
| | | ख) टेलरिङ सेन्टर | ३,०००/- | | |
| | | ग) कपडा पसल सहितका टेलरिङ सेन्टर | ५,०००/- | | |
| ५ | वेकरी तथा होटेल व्यवसाय | क) वेकरी तथा मिष्ठान्न ठुलो<br>ख) सानो क्रमशः | ३,०००/-<br>१,५००/- | | वार्षिक |
| | | होटेल तथा रेष्टुरेन्ट (लजिङ, फुडिङ दुवै भएको ठुलो) | ८,०००/- | | वार्षिक। गाउँ कार्यपालिकामा मात्रै दर्ता गरिने। |
| | | होटेल लजिङ एन्ड फुडिङ भएको (मझौला) | ५,०००/- | | वार्षिक |
| | | खाना तथा नास्ता होटेल | २,०००/- | | वार्षिक |
| | | मिठाई नास्ता पसल ठुलो | ३,०००/- | | वार्षिक |
| | | मिठाई नास्ता पसल सानो | १,०००/- | | वार्षिक |
| | | सामान्य (खानाको | १,०००/- | | वार्षिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | व्यवस्था भएको चिया नास्ता बेच्ने) | | | |
| ६. | बैंक तथा वित्तिय कारोवार | वर्गका बैंकहरूको सुचिकृत शुल्क क्रमशः<br>क,<br>ख,<br>ग,<br>घ | <br><br><br>१०,०००/-<br>८,०००/-<br>६०००/-<br>५,०००/- | व्यवसाय दर्ता/नविकरणका लागि लाग्ने शुल्कको २५ प्रतिशत | वार्षिक। गाउँ कार्यपालिकामा मात्रै दर्ता गरिने। |
| | | विमा कम्पनी | ८,०००/- | | |
| | | रेमिटेन्स सेवा | ५,०००/- | | |
| | | ऋृण तथा बचत सहकारी संस्था, लघुवित्त, अन्य सहकारी | ३,०००/- | | |
| ७. | निजि शैक्षिक संस्था तथा ट्युसन सेन्टर | क) निजि क्याम्पस स्तरको | ४०,०००/- | व्यवसाय दर्ता/नविकरणका लागि लाग्ने शुल्कको २५ प्रतिशत | वार्षिक। गाउँ कार्यपालिकामा मात्रै दर्ता गरिने। |
| | | ख) प्राइभेट मावि स्तरको | २०,०००/- | | |
| | | ग) आधारभुत स्तरको | १०,०००/- | | |
| | | घ) आधारभुत स्तरको ५ कक्षा सम्मको | ५,०००/- | | |
| | | ङ) ट्युसन सेन्टर | ३,०००/- | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | अस्पताल तथा औषधी पसल | (क) सिम्रुतु, खारानेटा र झुल्नेटा क्षेत्रमा औषधी पसल | १०,०००/- | व्यवसाय दर्ता/नविकरणका लागि लाग्ने शुल्कको २५ प्रतिशत | वार्षिक। गाउँ कार्यपालिकामा मात्रै दर्ता गरिने। |
| | | (ख) (क) बाहेकका अन्य क्षेत्रमा औषधी पसल ठूलो सानो | ५,०००/- २,०००/- | | गाउँपालिकाको स्वास्थ्य संस्था दर्ता अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका बनेपछि सोही बमोजिम हुनेछ |
| | | ग) पोलिक्लिनिक अस्पताल | ४००००। | | |
| ९. | विद्युतीय मिल (मिल भएमा पानीबाट चल्ने भएपनि शुल्क लाग्ने) | क)कुटानी, पेलानी, पिसानी सबै भएको र ख) केही मात्र भएको मिल। ग)पानी बाट चल्ने घट्ट एउटा मात्र भएको | ३,०००/-, १,०००/- २५०। | व्यवसाय दर्ता/नविकरणका लागि लाग्ने शुल्कको २५ प्रतिशत | वार्षिक |
| १०. | पेट्रोल पम्प | सबै प्रकारका | ३०,०००/- | व्यवसाय दर्ता/ नविकरणका लागि लाग्ने शुल्कको २५ प्रतिशत | वार्षिक गाउँ कार्यपालिकाबाट मात्र दर्ता गरिने। |
| | | थोक (ड्रमहरू राखी ठुलो परिमाणमा बेच्ने) | १०,०००/- | | |
| ११. | इन्जिनियरि | इन्जिनियरिङ्ग तथा परामर्श सेवा | १०,०००/- | व्यवसाय दर्ता/ नविकरणका | वार्षिक गाउँ कार्यपालिकाबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | ङ्ग तथा परामर्श सेवा | लेखापढी व्यवसाय | २,०००/- | लागि लाग्ने शुल्कको २५ प्रतिशत | मात्र दर्ता गरिने। |
| १२. | गाडि शोरूम तथा ग्यारेज | गाडि शोरूम | १५,०००/- | व्यवसाय दर्ता/ नविकरणका लागि लाग्ने शुल्कको २५ प्रतिशत | वार्षिक |
| | | मोटरसाइकल शोरूम | १०,०००/- | | |
| | | ग्यारेज चारपांग्रे र दुईपांग्रे क्रमशः | ५,०००/- र ३,०००/- | | |
| | | टायर तथा अटोपार्टस पसल (ठुलो सानो क्रमशः) | ५,०००/- र ३,०००/- | | |
| १३. | मनोरञ्जन तथा चलचित्र व्यवसाय | मनोरञ्जन व्यवसाय ठुलो र सानो | ५,०००/- र ३,०००/- | व्यवसाय दर्ता/ नविकरणका लागि लाग्ने शुल्कको २५ प्रतिशत | वार्षिक |
| | | २०० सिट क्षमता भन्दा माथिको | १०,०००/- | | |
| | | २०० सिट क्षमताको | ५,०००/- | | |
| १४. | छापाखाना | ठुलो तथा सानो क्रमशः | ५,०००/- र ३,०००/- | व्यवसाय दर्ता/ नविकरणका लागि लाग्ने शुल्कको २५ प्रतिशत | वार्षिक |
| १५. | एफ.एम. रेडियो | १०० वाट सम्मको मात्र | ५,०००/- | | वार्षिक गाउँ कार्यपालिकाबाट मात्र दर्ता गरिने। |
| | | पोल्ट्रि फर्म ठुलो सानोको क्रमशः | १,५००/- र १,०००/- | | वार्षिक |

| | | | | | |
|---|---|---|---|---|---|
| १६. | माछा, पशु तथा पन्छिपालन (व्यवसायिक रूपमा संचालन भएका) | संगुर, बंगुर पालन ठुलो तथा सानो क्रमशः | २,०००/- र १,०००/- | व्यवसाय दर्ता/ नविकरणका लागि लाग्ने शुल्कको २५ प्रतिशत | वार्षिक |
| | | गाई, भैसी फर्म ठुलो तथा सानो क्रमशः | २,०००/- र १०००/- | | वार्षिक |
| | | भेडा, बाख्रा फर्म ठुलो सानो | १,०००/- र ५००/- | | वार्षिक |
| | | माछापालन ठुलो सानो क्रमशः | १,०००/- र ५००/- | | वार्षिक |
| | | कृषि फर्महरू (ठुलो सानो क्रमशः) | १,५००/- र १,००० | | वार्षिक |
| | | पशु तथा कृषि समूह | ३००/- | | वार्षिक |
| १७. | म्यानपावर कम्पनी | दर्ता | १०,०००/- | | वार्षिक |
| १८. | ढुवानी सेवा | सबै प्रकारका | ३,०००/- | | वार्षिक |
| १९. | ठेक्कापट्टा (योग्यता सम्बन्धि व्यवस्था नियमानुसार हुने छ।) | घ वर्गको ( नयाँ इजाजत पत्र र नविकरण को क्रमशः) | १५,०००/- र ५०००/- | | वार्षिक गाउँ कार्यपालिकाबाट मात्र दर्ता गरिने। |
| २० | मदिरा | क) मदिरा पसल<br>ख) मदिरा फुट्कर | रु ५०००।<br>रु २५००। | | |
| २१ | | कवाडी व्यवसाय | रु १५०० | | |
| २२ | रिक्सा | १ )अटो रिक्सा<br>२) ई रिक्सा | रु १००००<br>रु ८००० | नविकरण शुल्क रु ५००० | बार्षिक |

**नोटः** १. माथि उल्लेखित बाहेकका अन्य व्यवसायको लागि वार्षिक कारोवार अनुमति रकमको १ प्रतिशतले दर्ता शुल्क लाग्ने छ। तर १ प्रतिशत हुन आउने रकम रू. ३००० भन्दा कम भएमा पनि न्युनतम रू. ३००० लाग्ने छ।

२. व्यवसाय दर्ता/ सूचिकरण तथा नविकरण चालु आ.व. को पहिलो चौमासिक भित्र गरि सक्नुपर्नेछ।चालु आ.व. को लागि नयाँ विवरण र अभिलेख प्रयोजनार्थ नयाँ सुरूवातको रूपमा दर्ता/नविकरण गरिनेछ भने प्रमाण उपलब्ध भएमा पुरानो दर्ता/नविकरण लाई नियमानुसार नविकरण मात्र गरिनेछ।

३. कुनै व्यक्ति वा फर्मले दुई वा दुई भन्दा बढि भिन्न प्रकृतिका व्यवसायलाई एकै स्थान वा पसल बाट संचालन गरेको खण्डमा जुन व्यवसाय दर्ताको रकम बढि हुन्छ सोहि व्यवसायलाई मुख्य मानि अन्य व्यवसायलाई कारोवारको प्रकृति हेरी प्रति व्यवसाय सहरी क्षेत्रमा रू. १५०० र ग्रामिण क्षेत्रमा रू. ५०० का दरले थप शुल्क बुझाउनु पर्नेछ।त्यस्ता व्यवसायिक फर्म वा व्यक्तिलाई निजले संचालन गर्ने व्यवसायहरू सबै उल्लेख गरि दर्ता गरिदिनुपर्छ।

४. बुदा नं. ३ मा जुनसुकै कुरा उल्लेख भए पनि थोक प्रकृतिका पसलहरू, मदिरा, विषादी तथा औषधीजन्य व्यवसाय/पसल, पेट्रोलियम पदार्थ कारोवार गर्न पसलहरू छुट्टा छुट्टै दर्ता तथा सुचिकरण गर्नुपर्नेछ।

५. महिला/अपांग/शहिद का नाममा व्यवसाय दर्ता भएमा २५ प्रतिशत छुट हुनेछ।सो का लागि सम्बन्धित तोकिएको विशेषताको प्रमाण समेत पेश गर्नुपर्नेछ।

**अनुसूचि (४)**

**जडिबुटी, कवाडी र जीवजन्तु कर**

| **सि.नं.** | **विवरण** | **दर** |
|---|---|---|
| १. | विभिन्न जडिबुटीहरू | प्रचलित बजार मुल्यको ५ प्रतिशत |

| | | |
|---|---|---|
| २. | कवाडी माल सिसा बाहेकको | एक ट्रकको रु ३००० । |
| ३. | खोटो निकासी गर्दा | प्रतिकिलो/ लिटर रू. १ तर अव उप्रान्त सामुदायिक वनहरूलाई खोटो संकलनको लागि अनुमति तथा नविकरण सिफारीस गरिनेछैन। |
| ४. | कुकाठ र काठ आयात निर्यात क्रमशः | प्रति घन फिट रू. ५ र रू. १० |
| ५. | कानूनले निषेध गरेका बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, छाला, प्वाख | कुल मुल्यको २० प्रतिशत |
| ६. | हेम धागो र डाठ लगायत लोक्ता निकासी गर्दा | प्रति केजी रु. ३ |

अन्य व्यवस्था गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

## अनुसूचि (५)

## विज्ञापन कर

| क्र.स. | विवरण | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १. | होडिङ बोर्ड | प्रति वर्ग फिट | रू. ५० | वार्षिक |
| २. | रंगिन पोष्टर, पम्पलेट | १ वर्गफिट सम्म साईजको प्रति पोष्टर | रू. ३ | गाउँपालिका सग सम्झौता गरी यस प्रकारको विज्ञापन गर्ने भएमा एकमुष्ट रकममा ३० प्रतिशत छुट हुनेछ। |
| | | १ वर्गफिट भन्दा बढी साईजको प्रति वर्गफिट | रू. ५ | |

| | | | | |
|---|---|---|---|---|
| ३. | साधा पोष्टर पम्पलेट | १ वर्गफिट सम्म साईज भएको प्रति पोष्टर | रू. १ | गाउँपालिका सग सम्झौता गरी यस प्रकारको विज्ञापन गर्ने भएमा एकमुष्ट रकमा ३० प्रतिशत छुट हुनेछ। |
| | | १ वर्गफिट भन्दा बढी साईजको प्रति वर्गफिट | रू. २ | |
| ४. | अन्य | गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ। | | |

नोटः गाउँपालिका क्षेत्र भित्र विना अनुमति/अनधिकृत रूपले कुनै पनि प्रकारको होडिङ्ग बोर्ड राखेको, पोष्टर पम्पलेट टासेको पाइएमा सम्बन्धित पक्षलाई कर रकममा थप २५ प्रतिशत जरिवाना शुल्क लगाइनेछ र सो हटाउन लागेको सम्पूर्ण खर्च सोही पक्षले नै व्यहोर्नु पर्नेछ।

## अनुसूचि (६)

## मनोरञ्जन कर

| क्र.स. | विवरण | इकाई | दर |
|---|---|---|---|
| १. | मेला, महोत्सव लगायत अन्य मनोरञ्जनात्मक कार्यक्रम | प्रति स्टल | सामान्य रू. १००/-, ठुला रू. २००/- |
| २. | मेला, महोत्सव मनोरञ्जनात्मक रोटेपिङ लगायतका सामाग्रीको | प्रति रोटेपिङ | रू. १५०/- |

नोटः सम्बन्धित जग्गा धनि वा संघ सस्थाले मनोरञ्जन कर को कुल आम्दानिको ३० प्रतिशत गा.पा. लाई बुझाउनु पर्नेछ। मेला, पर्व, जात्रामा डोको, ढकिया, नाङ्लो आदीमा खुला रूपले सानो परिमाणमा विक्रि वितरण गर्नेका हकमा शुल्क लाग्ने छैन।

## अनुसूचि (७)

## बहाल विटौरी कर

| क.स. | विवरण | दर |
|---|---|---|
| १. | निर्माण रेखदेख मर्मत संभार खर्च | कुल आयको १० प्रतिशत |
| २ | टहरा नबनाई सार्वजनिक जग्गाको प्रयोग गरेको/ऐलानी | प्रति वर्ग मिटर रु ५ |
| ३ | संरचना बनाई सार्वजनिक जग्गा प्रयोग गरेको /(ऐलानी) | प्रति वर्ग मिटर रु १५ |
| ४ | घुम्ती व्यवसाय | प्रति महिना रु ५००। |
| ५ | ऐलानी जग्गाको पहिले देखि प्रयोग गर्दै आएको | रु १००। |
| ६ | कपडा पेल्ने मेसिन/ट्याक्टर घुम्ती व्यवसाय अन्तर्गत | प्रति महिना रु १०००। |
| ७ | वन पैदावार प्रयोग गरे वापत सामूदायिक वन उ.स. मा लाग्ने कर खुद रकमको | १० प्रतिशत |

## अनुसूचि (८)

## पार्किङ शुल्क

| क.स. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १. | दुई पाङ्ग्रे सवारी साधन | तीन घण्टा सम्म रू. ५ र सो भन्दा बढी प्रति तीन घण्टा रू. ५ | तोकिएको पार्किङ क्षेत्रमा मात्र लागु हुनेछ। |
| २. | चार पाङ्ग्रे सवारी साधन | तीन घण्टा सम्म रू. १० र सो भन्दा बढी प्रति घण्टा रू. १० | |

नोटः कसैले गाउँपालिका क्षेत्र भित्र पार्किङ व्यवसाय संचालन गर्नु परेमा गाउँ कार्यपालिकाले तोके बमोजिम राजस्व लाग्नेछ।

## अनुसूचि (९)

## ट्रेकिङ शुल्क

| क्र.स. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १. | स्वदेशी | ० | |
| २. | विदेशी | ० | |
| ३. | अन्य व्यवस्था | गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ। | |

## अनुसूचि (१०)

## सिफारिसको प्रकृतिका आधारमा विभाजनः

| क्र. स. | सिफारीसको प्रकृति | कैफियत |
|---|---|---|
| **क.निःशुल्क प्रकृतिः सिफारीस शुल्क–निःशुल्क** | | |
| १. | जनआन्दोलन र जनयुद्धका शहिद परिवार, घाइते र सुचिकृत अपांग लाई दिइने सिफारिस | |
| २. | प्राकृतिक तथा मानविय विपदको क्षति तथा घर भत्किएको सिफारिस | |
| ३. | आर्थिक सहायता सम्बन्धि सिफारिस | |
| ४. | अपाङ्ग सम्बन्धि सिफारिस | |
| ५. | स्वास्थ्य उपचार सिफारीस | |
| ६. | ज्येष्ठ नागरिकलाई दिइने सिफारिस (७० वर्ष माथिका र | |

| | | |
|---|---|---|
| | दलित जेष्ठ नागरिकलाई ६० बर्ष माथिका | |
| ७. | एकल महिला परिभाषित सामाजिक सुरक्षा प्रयोजन | |
| **साधारण प्रकृतिः सिफारीस शुल्कः रु १००** | | |
| १. | कोठा खाली गर्न ३५ दिने सूचना सम्बन्धि सिफारिस | |
| २. | नावालक परिचय पत्र सम्बन्धि सिफारिस | |
| ३. | फरक फरक अंग्रेजी हिज्जे प्रमाणित | |
| ४. | जेट मेशिन सम्बन्धि सिफारिस | |
| ५. | नागरिकता सिफारीस | |
| ६. | बिजुली जडान सिफारिस | दर्ता वा नक्सा पास नभएको घरको हकमा रु १००० लाग्ने |
| ७. | धारा जडान सिफारिस | |
| ८. | छात्रबृत्ति सिफारिसः विपन्नको हकमा नलाग्ने | |
| **मध्यम प्रकृतिः सिफारीस शुल्कः रु. २००** | | |
| १. | मुद्दा दर्ता | |
| २. | अस्थायी बसोबास सिफारिस | |
| ३. | बैङ्क खाता खोल्ने सिफारीस सामुदायिक योजना तथा कार्यक्रमः गापा | |
| ४. | योजना वा कार्यक्रम सम्झौता सिफारीस गापाको योजना कार्यक्रम | |
| ५. | कोर्ट फि मिनाहा सम्बन्धि सिफारिस | |
| ६. | सार्वजनिक बाटो कायम सिफारीस | सरकारी नाममा |
| ७. | आन्तरिक बसाइसराइ सिफारिस | |
| ८. | चौपाय सम्बन्धि सिफारीस | |
| ९. | संरक्षक सिफारीस | व्यक्तिगत |
| १०. | टेलिफोन सिफारीस | |

| | | |
|---|---|---|
| ११. | व्यक्तिगत सिफारीस एकमुष्ट | |
| १२. | जन्म मिति प्रमाणित | |
| १३. | मृतकसँगको नाता प्रमाणित वा मृतकको हकवाला प्रमाणित | |
| १४. | बैङ्क खाता खोल्ने सिफारीस संस्थागत | |
| १५. | दस्तखत नमूना कार्ड परिवर्तन | |
| १६. | बहाल,विज्ञापन, मालपोत कर सिफारिस | |
| १७ | सामुदायीक विद्यालय पढेको प्रमाणित सिफारिस | |
| १८ | बैङक खाता खोल्ने र बन्द गर्ने सिफारिस | |
| १९. | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने | |
| **बिशेष प्रकृतिः सिफारीस शुल्कः रु. ५००** | | |
| १. | घर जग्गा नामसारी सिफारिस | |
| २. | सडक खन्ने स्विकृति सिफारिस | |
| ३. | तिन पुस्ते प्रमाणित सिफारिस | |
| ४. | जिवितसँगको नाता प्रमाणित प्रमाणपत्र | स्वदेशी प्रयोजनमा मात्र |
| ५. | हकदार वा हकवाला प्रमाणित | |
| ६. | संरक्षक सिफारीस | संस्थागत |
| ७. | चार किल्ला प्रमाणित | रापि राजमार्ग क्षेत्र बाहेक |
| ८. | घरबाटो प्रमाणित | |
| ९. | फरक फरक नाम र थर एउटै सिफारीस | |
| १०. | नाम सच्याउने सिफारीस | |
| ११. | मोही लगत कट्टा सिफारीस | |
| १२. | स्थायी बसोबास सिफारिस | |
| १३. | आर्थिक अवस्था बलियो वा सम्पन्नता सिफारीस मात्र | मूल्यांकन नखुलेको |
| १४. | घर कायम सिफारीस वा घरबाटो प्रमाणित सिफारीसः मुद्धा प्रयोजन बाहेक | जग्गा धनी पुर्जामा समेत |

| | | |
|---|---|---|
| १५. | घर कायम सिफारिस | मुद्धा प्रयोजन बाहेक |
| १६. | व्यवसाय बन्द भएको वा सञ्चालनमा नभएको सिफारिस | |
| १७. | जग्गा धनि पुर्जा प्राप्त गर्ने सिफारिस (प्रतिलिपि) | |
| १८. | नागरिकता प्रतिलिपि सिफारीस (दोहोरो प्रतिलिपिको) | |
| १९. | कोठा खोल्ने रोहबरमा बसी प्रमाणित सिफारीस | वडाको रोहबरमा हुने |
| २० | जिवित रहेको सिफारीस | |
| २१ | अंशबण्डा सिफारीस | |
| २२. | कागज तथा मञ्जुरीनामा प्रमाणित | |
| २३. | हकवाला वा हकदार प्रमाणित | |
| २४. | नयाँ व्यवसाय दर्ता वा नविकरण सिफारीस | |
| २५. | शिक्षक/कर्मचारी तलब प्रमाणित सिफारिस | |
| २६. | मार्कसिट/ग्रेडसिट तथा प्रमाणपत्र प्रतिलिपि कक्षा ८ | |
| २७. | स्थायी लेखा नम्बर सिफारीस | |
| २८. | पशु चौपाया ढुवानी सम्बन्धि सिफारीस | |
| **अन्य प्रकृतिः सिफारीस शुल्कः तपशिलमा तोकिए बमोजिम** | | |
| १. | कार्यसम्पन्न तथा भुक्तानी सिफारीस गापाले भुक्तानी दिने २ लाखसम्म | २०० |
| २. | कार्यसम्पन्न तथा भुक्तानी सिफारीस गापाले भुक्तानी दिने २ देखि ५ लाख | ३०० |
| ३. | कार्यसम्पन्न तथा भुक्तानी सिफारीस गापाले भुक्तानी दिने ५ देखि १५ लाख | ५०० |
| ४. | कार्यसम्पन्न, भुक्तानी सिफारीस गापाले भुक्तानी दिने १५ देखि २५ लाख | १००० |
| ५. | कार्यसम्पन्न, भुक्तानी सिफारीस गापाले भुक्तानी दिने २५ देखि ५० लाख | १२०० |

| | | |
|---|---|---|
| ६. | कार्यसम्पन्न तथा भुक्तानी सिफारीस गापाले भुक्तानी दिने ५० देखि माथि | १५०० |
| ७ | योजना सम्झौता सिफारिस<br>क) १ लाख देखि १० लाख सम्म<br>ख) १० लाख देखि माथि ५० लाख सम्म<br>ग) ५० लाख भन्दा माथि | <br>२००।<br>१०००।<br>१५००। |
| ८ | अंगिकृत नागरीकता सिफारीस | रु १००० |
| ९. | उद्योग व्यवसाय ठाउँ सारी सिफारीस | रु १००० |
| १०. | नाता प्रमाणित विदेशी प्रयोजन | रु १००० |
| ११. | छुट जग्गा दर्ता सिफारीस | रु १००० |
| १२. | कुकाठ सिफारीसः मूल्यांकन बाहेक | काठको हकमा रु २००० |
| १३. | उपभोक्ता समिति दर्ता | रु १००० |
| १४. | बन्दुक नविकरण सिफारीस | रु २००० |
| १५. | हेवि इक्विपमेन्ट सञ्चालन अनुमतिः सम्बन्धित धनीले तिर्नुपर्ने, प्रत्येक वडामा | रु २००० |
| १६. | विद्यालय संचालन अनुमति, कक्षा बृद्धि सिफारीस सामुदायिक | रु ५०००/२५०० |
| १७. | विद्यालय संचालन अनुमति, कक्षा बृद्धि सिफारीस संस्थागत | रु १००००/५००० |
| १८. | पूर्व प्राथमिक विद्यालय खोल्ने अनुमति वा सिफारीसः निजि | रु ३००० |
| १९. | संस्था दर्ता तथा सूचिकरण त्रिवेणी गापा स्तर/ पत्र पत्रिका | रु ५०० |
| २०. | संस्था दर्ता तथा सूचिकरण गापा स्तर बाहेक र यातायात संस्था | रु १००० |
| २१. | सहकारी संस्था दर्ता | रु ३००० |
| २२. | कुनै पनि किसिमको अङ्ग्रेजी सिफारिस वा प्रमाणिकरण | न्यूनतम रु १००० |
| २३. | नयाँ घरको नक्सा पास, बस्ती विकास मापदण्ड लागुपश्चात | क.रु ४ प्रति बर्ग फिट |

| | | |
|---|---|---|
| | गापाबाट मात्र | बजार क्षेत्र झुल्नेटा र सिम्रुतु<br>ख.रु २ प्रति बर्ग फिट<br>अन्य आवासिय क्षेत्र |
| २४. | बैङ्किङ प्रयोजनका लागी घरको नक्सा प्रमाणित प्रति बर्ग फिट | पहिलो तला रु ५<br>थप तलाको रु ३ |
| २५ | घ वर्गको घरको नक्सापास दस्तुर प्रतिघर | १०००।- |
| २६. | नयाँ घरको नक्सा पास / भवन नामसारी दस्तुर प्रति बर्ग फिट | पहिलो तला रु ५<br>थप तलाको रु ३ |
| २७. | चारकिल्ला प्रमाणित रापि राजमार्ग छेउका घर घडेरी र ब्यापारीक क्षेत्र | प्रति बर्ग मिटर रु १० |
| २८. | चारकिल्ला प्रमाणित रापि राजमार्ग भन्दा १०० मिटर पछाडीको क्षेत्र | प्रति बर्ग मिटर रु ५ |
| २९. | गाउँपालिकाको स्रोत बाहेकको स्रोतबाट सञ्चालित योजना तथा कार्यक्रमको योजना अनुगमन सेवा शुल्क, अनुगमन गरी सिफारीस गर्दा | लागत रकमको ०.२ प्रतिशत |
| ३०. | बार्षिक आय स्रोत प्रमाणित सिफारिस | क. रु २० लाख<br>ख. ख सम्म ०.१ प्रतिसत ख. २१ देखी ५० लाख सम्म ०.२ प्रतिसत<br>ग. सो भन्दा माथि ०.२५ प्रतिसतका दरले |
| ३१. | मिलापत्र गराउने | रु ५०० देखि २५०० सम्म |
| ३२. | जग्गा मूल्यांकन सिफारिस | मूल्यांकन रकममा प्रति हजार रु ०.५ |
| ३३. | जग्गाको फिल्ड रेखांकन कार्य | प्रति कित्ता रु ३०००।००<br>र संगै सटेको थप कित्ता ५०० |
| ३४. | जग्गा दर्ता सिफारीस | प्रतिरोपनी रु १५० |
| ३५. | विवाहित वा अविवाहित प्रमाणित | सामाजिक सुरक्षा भत्ता प्रयोजन वाहेक रु |

| | | |
|---|---|---|
| | | १००० |
| ३६. | भवन निर्माण स्विकृति आवासिय | प्रति बर्ग फिट ४ |
| ३७. | भवन निर्माण स्विकृति व्यवसायिक | प्रति बर्ग फिट ७ |
| ३८. | भवन निर्माण स्विकृति मापदण्डमा बनिसकेको तर स्विकृति नलिएकोमा जरिवाना वा अन्य | प्रति बर्ग फिट १५ |
| ३९. | पञ्जिकरण शुल्क | ३५ दिनभित्र निःशुल्क, त्यसपछि जतिसुकै दिन भए पनि रु २०० र प्रतिलिपीको रु ५०० जन्म दर्ता संशोधन १००० |
| ४०. | कर चुक्ता प्रमाणपत्र | रु १००० |
| ४१. | अदालतको आदेश बमोजिम प्राविधिक मूल्यांकन प्रतिवेदन | न्यूनतम रु १००० |
| ४२. | कुनै पनि किसिमका दण्ड जरिवाना न्यूनतम | रु १००० |
| ४३. | यसमा उल्लेख भए बाहेक अन्य भएमा | रु ५०० |
| ४४ | सरुवा सहमती/काज सहमती | रु २००० |
| ४५ | योजना माग सिफारिस | रु १०० |
| ४६ | मौजुदा सुचिमा(फर्म/व्यवसाय) सुचिकृत | पालिका भित्र रु ५०० वाहिर रु१००० |
| ४७ | गाउँपालिका भित्र निर्माण कार्यमा प्रयोग हुने ढुङ्गा | गा.पा.दररेटको प्रति घ.मि. रु ४२ |
| ४८. | घर नक्सा अभिलेखिकरण दस्तुर प्रति वर्ग फिट | पहिलो तला रु ७<br>थप तलाको रु ५ |
| ४९. | तमसुक प्रमाणित | १-५ लाख सम्म रु १०००।-<br>५-१० लाख सम्म रु २०००।-<br>१० लाख भन्दा माथी रु ३०००।- |

| | | |
|---|---|---|
| ५० | अशंबण्डा प्रतीकित्ता /थप | १००० र ५०० |

## अनुसूचि (११)

## पर्यटन शुल्क (प्रतिदिन)

गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम लगाइनेछ।

| क्र.स. | विवरण | दर |
|---|---|---|
| १. | स्वदेशी | |
| | त्रिवेणी गाउँपालिका भित्रका वासिन्दा | २५ |
| | अन्य पालिका तथा रुकम पश्चिम जिल्ला भित्रका वासिन्दा | ५० |
| | जिल्ला वाहिरका वासिन्दा | १०० |
| २. | विदेशी | २०० |
| ३. | ड्रोन प्रयोग | १००० |
| ४ | क्यामरा प्रयोग | ५० |
| ५ | सुटिङ म्युजिक भिडियो<br>चलचित्र सुटिङ | प्रति घन्टा २००<br>प्रति घन्टा ५०० |
| ६ | विद्यार्थी परिचयपत्र भएको | रु. १० |
| ७ | जेष्ठ नागरिक ६८ वर्ष माथि | निशुल्क |
| | अन्य व्यवस्था | गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ। |

## अनुसुचि (१२)

## आयात/निर्यात शुल्क

| क्र.स | विवरण | शुल्क(रू.) |
|---|---|---|
| १. | घिउ | प्रतिकिलो रू. २ |
| २. | मह | प्रतिकिलो रु. २ |
| ३. | फलफुल | प्रतिकिलो १ रूपैया |
| ४. | तरकारी (हरियो सागपात लगायत सवै तरकारीजन्य उत्पादित वस्तु ) | प्रतिकिलो १ रूपैया |
| ५. | दुध | प्रति लिटर ५० पैसा |
| ६. | खसी/बोका | प्रति गोटा रू. ३० |
| ७. | ठुला पशु चौपाया, रागा, भैसी आदि | प्रति गोटा रू. १०० |
| ८. | कुखुरा | १ गाडिको रु.२०० |
| ९. | अदुवा, अलैची, टिम्मुर क्रमशः सहित जडिवुटी | प्रति केजी १ पैसा, रू.५, रू.३ |
| १०. | आलु | प्रतिकेजी ५० पैसा |
| ११. | गोलिया काठ | निकासी स्वरुप १ लोड गाडीको रु.३००० |
| १२. | खाद्य सामाग्री निर्यात (मकै, गहु,जौं,भटमास र सिमी ) | प्रतिकेजी रु.२५ पैसा<br>सिमी प्रतिकजी रु.१ |
| अन्य व्यवस्था | | गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ। |

## अनुसूचि (१३)

## फोहोरमैला व्यवस्थापन शुल्क

| क्र.स. | विवरण | शुल्क(रू)/मासिक |
|---|---|---|
| १. | होटल व्यवसाय | २००/- |
| २. | आवासबाट प्रति घर | १००/- |
| ३. | सरसफाई सेवा शुल्क घुम्ति पसल | १००/- |
| ४. | सरसफाई सेवा शुल्क रेष्टुरेन्ट तथा गेष्ट हाउस | २००/- |

| | | |
|---|---|---|
| ५. | सरसफाई सेवा शुल्क सबै थोक पसल | २००/- |
| ६. | अन्य साना व्यवसाय | १००/- |

## अनुसूचि (१५)

## पशु स्वास्थ्य परामर्श सेवा शुल्क

| क्र.स. | पशु चौपाया विवरण | सेवा शुल्क रूपैया/पैसा |
|---|---|---|
| १. | गाई, भैसी, राँगा, गोरू प्रति गोटा | रु १५।- |
| २. | भेडा, बाख्रा प्रति गोटा | रु ५।- |
| ३. | घोडा, खच्चड, बङ्गुर | रु ३०।- |
| ४. | कखुरा, हाँस | रु २।- |
| ५. | कुकुर | रु ५०।- |

## अनुसूचि (१६)

## पशु बन्ध्याकरण सेवा शुल्क

| क्र.स. | पशु चौपाया विवरण | सेवा शुल्क रूपैया/पैसा |
|---|---|---|
| १. | गोरू | रु २००।- |
| २. | बोका | रु १००।- |
| ३. | घोडा | रु २००।- |
| ४. | कुकुर | रु १०००।- |

## अनुसूचि (१७)

## पशु क्वारेन्टाईन प्रयोजनार्थ स्वास्थ्य परीक्षण तथा उपचार शुल्क

| क्र.स. | पशु चौपाया विवरण | शुल्क (प्रति गोटा) | कैफियत |
|---|---|---|---|
| १. | गाई, भैसी, राँगा, गोरू, बङ्गुर | रु १००।- | |
| २. | भेडा, बाख्रा | रु २५।- | |
| ३. | घोडा, खच्चड | रु १५०।- | |
| ४. | कुखुरा, हाँस/अन्य पशुपन्क्षी | रु १।- | |
| ५. | कुकुर उपचार | रु १००।- | |
| ६. | गोबर परीक्षण | रु २५।- | |
| ७. | छाला परिक्षण | रु १००।- | |
| ८. | CBC -Test | रु २००।- | |
| ९. | CMT- Test | रु २५। | |
| १०. | अल्ट्रासाउण्ड | रु ५००।- | |
| ११. | माइनर अपरेसन | रु १००।- | |
| १२. | मेजर अपरेसन | रु ५००।- | |
| १३. | मेजर अपरेसन (कुकुर/बिरालो) | रु १०००।- | |

## अनुसूचि (१८)

## <u>दण्ड जरिवाना</u>

| क्र.स. | विवरण | जरिवाना रकम | कैफियत |
|---|---|---|---|
| १. | क्षेत्राधिकार नाघेको संरचना निर्माण, सार्वजनिक स्थलमा कुनै पनि सामान वा निर्माण सामाग्री राखेमा वा पशु चौपाया छाडेमा, | १००० देखि १००००० | त्यस्ता चिज बस्तु र व्यक्तिलाई नियन्त्रणमा लिई नियमानुसारको जरिवाना तिराई फिर्ता |

| | | | |
|---|---|---|---|
| | जथाभावी फोहोर फालेमा, सार्वजनिक स्थानमा जथाभावी पार्किङ गरेमा, दर्ता प्रमाणपत्र, अनुमति वा नविकरण विना व्यापार व्यवसाय गरेमा, अनुमति विना जथाभावी होडिङ बोर्ड राखेमा, विद्यमान कानून तथा गाउँ कार्यपालिका द्धारा निर्धारित अन्य कुनै अवैधानिक कार्य गरेमा दर्ता नविकरण विना अटो चलाएमा | | गरिनेछ। १ महिनाभित्र नियमानुसारको प्रक्रिया पुरा नगरेमा जफत गरिनेछ। जरिवाना रकम निर्धारणका लागि घटनाको प्रकृति र संवेदनशिलताको आधारमा प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ। |
| २. | मदिरा तथा लागुपदार्थ सेवन गरी सामाजिक सद्भाव विरुद्धको दण्ड | मदिराः १००० लागुपदार्थः१००० दुवैः २००० (सार्वजनिक पदधारण गरेको व्यक्तिको हकमा दोब्बर जरिवाना हुनेछ)। पटकपटक मदिरा तथा लागुपदार्थ सेवन गरेर सद्भाव विगारेमा क्रमशः २५ प्रतिशतले जरिवाना थपिनेछ। | प्रहरी चौकि हरुलाइ नियमानुसारको दण्डका लागी नगदी रसिद उपलब्ध गराउने । सम्बन्धित प्रहरीहरुको लागी संकलित रकमको ५० प्रतिशत प्रोत्साहन स्वरुप उपलब्ध गराउने । |

## अनुसूचि (१९)

## जग्गाको दररेट

## (क)

| क्र.स. | शहरि तथा वस्ति विकासका क्षेत्रहरु | सडक विन्दुको १० मिवाहेक. देखि १०० मि. दाँया वाँया सम्म ५०० वर्गमिटरको लागि | ५०० मि. भित्र पर्ने मोटरेवल वाटोको दाँयावाँया १०० मि. भित्र सम्म प्रति ५०० वर्गसिटर | कैफियत |
|---|---|---|---|---|
| १. | त्रिवेणी चक्रपथको (झुल्नेटा, हाइवाङ कुरल कालीमाटि खुम्चेरी सम्म) | ५,५०,०००।- | ४,००,०००।- | |
| २. | त्रिवेणी चक्रपथको (झुल्नेटा, खुम्चेरी, लाइत, जिवाङ हाइरु सम्म) | ५५०,०००।- | ४००,०००।- | |
| ३. | त्रिवेणी चक्रपथको (वल्लेजुरादेखी दहभागेसम्मको खण्ड) | ४,००,०००।- | ३,००,०००।- | |
| ४. | त्रिवेणी चक्रपथको (दहभागे देखी वादपानि विमैचा वर्गेटाकुरा सम्मको खण्ड) | ४५००००।- | ३०००००।- | |
| ५. | त्रिवेणी चक्रपथको (कुरल वाहृधार्नि भंगेराथान सालघारी टोड्के सम्मको खण्ड) | ५५००००।- | ४०००००।- | |

| | | | | |
|---|---|---|---|---|
| ६. | त्रिवेणी चक्रपथको (टोड्के देखि भानीपोले सेतिपोखरी सम्म) | ३०००००।- | २०००००।- | |
| ७. | त्रिवेणी चक्रपथको (सेतिपोखरी नुवाकोटडाँडासम्म) | १००००००।- | ८५००००।- | |
| ८. | त्रिवेणी चक्रपथको (नुवाकोट देखि भेरीपोखरा बाखखोर सम्मको खण्ड सम्म) | ५०००००।- | ४०००००।- | |
| ९. | त्रिवेणी गाउँपालिकाको रासि राजमार्ग झुल्नेटा खारानेटा सिम्रुतु क्षेत्रमात्र | सडक विभागको मापदण्डले निर्धारण गरेको विन्दुदेखि १०० मि भित्रमा १६००००० | १५००००० | |
| १०. | त्रिवेणी गाउँपालिकाको रासि राजमार्ग झुल्नेटा खारानेटा सिम्रुतु वाहेकको क्षेत्र | १०००००० | ८००००० | |
| ११. | भिरवाटी वाँठाकोट खालीखोला पेउघा देउपुर्णा चौतारा कोलडाडा सालघारी | ४५०००० | ३५०००० | |

| | | | | |
|---|---|---|---|---|
| | भम्के वर्नेटि टोड्के सडक | | | |
| १२. | वैरागिठाटि पेउघाजिउला नुवाकोटडाँडा चौरजहारी नपा सिमासम्म | १०५०००० | ९००००० | |
| १३. | सेतीपोखरी नालेचौर वराडाँडा तल्लोचौतारा ए वि सी मोड र रिठारुख माझगाँउ सडकखण्डको | ५००००० | ४००००० | |
| १४. | भेरीपोखरा वयलडाँडा ढुंगेघर मान्टुरा सडकखण्डको | ४५०००० | ३५०००० | |
| १५. | मोर्फु इजर स्यालावारी सडकखण्डको | ४५०००० | ३५०००० | |
| १६. | च्यानटाकुरा पाथरकोट कोल्टीवाङ पेउघाडाँडा पेदीखेत सडकखण्ड | ५००००० | ४००००० | |
| १७. | च्यानटाकुरा ग्यांना पेदिखेत सडकखण्ड | ५००००० | ४५०००० | |
| १८. | खालीखोला मुरुडाँडा मेलपोखरी लाछिकोट कुरल सेरङ मुनपा १२ सम्मको खण्डमा | ६००००० | ५००००० | |
| १९. | डाँगीमोड मुरुखोला मुरुडाँडा मेलपोखरी | ६०००००० | ५००००० | |

| | | | | |
|---|---|---|---|---|
| | खर्नेटा सिम्रुतु सडकखण्ड | | | |
| २०. | मुरुविद्यालय ग्यांना राउटेवारा भुर्तिवाङ वागेश्वरी सडक खण्ड | ६००००० | ५००००० | |
| २१. | खारानेटा खोरवारे विताडाँडा वारिखा मुरुडाँडा सडकखण्ड | ६५०००० | ५००००० | |
| २२. | ताराखसे पैयाचौर धौलावांग विष्टको घट्टसडक खण्ड | ५५०००० | ४००००० | |
| २३. | पोखरी घोरेढुंगा कोचेरी दुरपतिडाँडा सडक खण्ड | ५५०००० | ४००००० | |
| २४. | जलेखर्क त्रिशुले सडक खण्डको | ३३०००० | २२०००० | |
| २५. | खारानेटा डाप्का लिवांङ धैरेनी सडकखण्ड | ५००००० | ४००००० | |
| २६. | खारानेटा गाउँघर गतेरा कुल्सीवाङ सडकखण्ड | ५००००० | ४००००० | |
| २७. | खारानेटा हर्लेखारा ज्यामिरे इजरमोड तामाधारा किमिरेमाटा झुल्नेटा सडकखण्ड | ५५०००० | ४५०००० | |
| २८. | खौला दया सुकिदह रोल्पासडक खण्ड | ५५०००० | ४५०००० | |
| २९. | सिम्रुतु ज्यालंगा | ६००००० | ४००००० | |

| | | | | |
|---|---|---|---|---|
| | छोटेकाँडा पुर्णखारा खुम्चेरी डल्सिंगे सडक खण्ड | | | |
| ३०. | छोटेकाँडा जुगेपानी भाल्दुला थारेघर कालीमाटी पोखरी सडकखण्ड | ६००००० | ४००००० | |
| ३१. | पुर्णखारा तल्निखुम्चेरी मुसीपाखा सडकखण्ड | ४००००० | ३००००० | |
| ३२. | लाँखुरिबोट पोखरी ढारकाल्नि टिमुरारुख सडकखण्ड | ५००००० | ४००००० | |
| ३३. | लामाखेत तलिगाउँ जिवाङ झारसादी लाम्मेला सडकखण्ड | ५५०००० | ४००००० | |
| ३४. | जिवाङ लाइत डलसिंगे सडकखण्ड | ५५०००० | ४००००० | |
| ३५. | झुल्का अन्तरीखोरिया हाइरु वल्लेजुरा सडकखण्ड | ५५०००० | ४००००० | |
| ३६. | ज्यालंगा कुनवाङ मालझुङ सडकखण्डको | ५५०००० | ४००००० | |
| ३७. | खलडारा उपल्डेरा दमाइडेरा सडकखण्ड | ५५०००० | ४००००० | |
| ३८. | सिम्रुतु रुघा दहभागे कालापोखरा सडकखण्डको | ६५०००० | ४००००० | |

| | | | | |
|---|---|---|---|---|
| ३९. | माथिगाँउ वल्ले वोक्सीथला सडकखण्ड | ५००००० | ४००००० | |
| ४०. | कोर्वाङखोला दांगचुङ रातमाटे सडक खण्डको | ४५०००० | ३५०००० | |
| ४१. | तलीगाउँ खलटाकुरा दांगचुङ सडकखण्ड | ४००००० | ३००००० | |
| ४२. | कल्चुढुंगा नुनथला चिनाछ्रे गैरीनेटा सडक खण्ड | ५५०००० | ४२०००० | |
| ४३. | नुनथला भेडाखर्क कल्लेरी स्यानाखर्क | ५५०००० | ४५०००० | |

**खण्ड (ख)**

| साविक गा वि स | जग्गा | प्रति ५०० वर्गमिटर | | | | गत वर्षको मुल्यवृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | अव्वल | दोयम | सिम | चहार | |
| रुघाँ | खेत | ३०० | २५० | २४० | २२० | |
| | पाखो | २८० | २५० | २४० | २२० | |
| खारा | खेत | ३०० | २५० | २४० | २२० | |
| | पाखो | २८० | २५० | २४० | २२० | |
| मुरु | खेत | ३०० | ३०० | २५० | २३० | |
| | पाखो | २८० | २५० | २२० | १५० | |
| पेउघा | खेत | ३५० | ३०० | २५० | २०० | |
| | पाखो | ३०० | २६० | २०० | १६० | |
| नुवाकोट वडा नं ३ | खेत | २६० | २२० | २०० | १८० | |
| | पाखो | २०० | १८० | १६० | १०० | |

**नोटः** जिल्ला मालपोत कार्यालयबाट यस अघि नै निर्धारण भैसकेकाले गाउँपालिकाबाट समन्वय गरी निर्णय लिईनेछ। अन्यथा आगामी वर्षको सन्दर्भको रूपमा यसको प्रयोग गरिने र जिल्ला मालपोतबाट निर्धारीत दररेट लागु हुनेछ।

## अनुसूचि (२०)

## संरचना दर्ता, नविकरण तथा अभिलेख शुल्क

| क.स | विवरण | शुल्क | कैफियत |
|---|---|---|---|
| १. | कच्चि घर | २५ | |
| २. | कच्चि तर जस्ता वा ढुङ्गाको छाना | ७५ | |
| ३. | बुदा नं. २ जस्तो तर पलाष्टर | १०० | |
| ४. | पक्कि घर | भुइतला प्रति वर्ग मिटर रू. ५ र प्रत्येक थप तलाको प्रति वर्गमिटर रु.३ | |

## अनुसुचि (२१)

## अस्पताल लगायत ल्याब सेवा शुल्क

| Name of Test | Rate | Remarks |
|---|---|---|
| | **Hematology Test** | प्राविधिक पक्ष भएकाले औचित्य र आवश्यकताका आधारमा |
| CBC | Rs. 200/- | |
| ESR | Rs. 50/- | |
| ABO Blood Grouping | Rs. 60/- | |
| | **Bio-Chemistry Test** | |
| Blood Sugar | Rs. 100/- | |
| Urea | Rs. 150/- | |
| Creatinine | Rs. 150/- | |
| Stool RE/ME | Rs.40 | |
| Urine RE/ME | Rs.40 | |
| Uric Acid | Rs. 150/- | |

| | | |
|---|---|---|
| Sodium(Na+) | Rs. 150/- | कार्यपालिका बैठकले समय समयमा दररेट परिवर्तन तथा विरामीको वर्ग, क्षेत्र, लिङ्ग र विशेषताको आधारमा छुट दिन सक्नेछ। |
| Potassium(K+) | Rs. 150/- | |
| Bilirubin TD | Rs. 150/- | |
| SGOT/ALT | Rs. 200/- | |
| SGPT/AST | Rs. 200/- | |
| Total Protein | Rs. 100/- | |
| Serum Albumin | Rs. 150/- | |
| Alianine Phosphatase | Rs. 150/- | |
| Cholesterol | Rs. 200/- | |
| HDL | Rs. 200/- | |
| | **Clinical Pathology Test** | |
| Routine Unine Analysis | Rs. 50/- | |
| Routine Stool Analysis | Rs. 50/- | |
| Occult Blood | Rs. 150/- | |
| Urine Pregnancy Test(UPT) | Rs. 50/- | |
| | **Serology Test** | |
| Widal Test | Rs. 100/- | |
| HBzAg | Rs. 250/- | |
| HIV | Rs. | |
| HCV | Rs. 300/- | |
| VDRL | Rs.250 | |
| Typhoid Kit | Rs. 250 | |
| RA Factor | Rs.250 | |
| H-pylori | Rs 250 | |
| Dangue RDT | RS 800 | |
| Scrup typhous | Rs600 | |
| Maleriya RDT | Rs.250 | |
| ASO | Rs.200 | |
| C-Redctive protein(CRP) | Rs.250 | |
| TPHA | Rs.230 | |
| **Hospital Charge Rate** | | |
| ANC Package | Rs.1300 | |
| USG(Video x-ray)/X-ray | Rs.400 | |
| ECG | Rs.300 | |

| | | |
|---|---|---|
| Minor ot | Rs.100 | |
| Nebulizar | Rs.25 | |
| OPD Ticket | Rs.20 | |
| Emergency Ticket | Rs.50 | |
| Procedure Charge(Hand and legs) | Rs. 500/1000 | |